gjlj sNk

(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

साप्ताहिक

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

वर्ष ९ अङ्क २५ पूर्णाङ्क ४१४ | आइतवार, फागुन २२, २०७३ | March 05, 2017, Sunday | पृष्ठसङ्ख्या ६+२ | मूल्य रु. १०/-

तस्वीरमा स्ववियु निर्वाचन

(साताका तस्वीरहरु)

पृष्ठ २ मा

जिविसमा ढिलासुस्ती

सेवाग्राहीलाई सास्ती

जिविसमा योजना सम्झौता गर्दै कर्मचारी र उपभोक्ता समिति । तस्विर नवविकल्प

■ सन्तोष गौतम/नवविकल्प

ढिलासुस्तीका कारणहरु	समस्या समाधानका लागि भएका पहलहरु
-कर्मचारीको कार्यशैली	-करारमा प्राबिधिक जनशक्ति नियुक्त
-जनशक्तिको कमी	- नेपालीमा लगत ईस्टिमेट तयार
-समन्वयको अभाव	- पेश्कीलाई निरुत्साहित
-उपभोक्ताको उदाशिनता	- नीतिगत व्यवस्था पालनामा कडाई

जिल्ला विकास समितिको कार्यालय म्याग्दीको ढिलासुस्तीका कारण सेवाग्राहीलाई सास्ती भएको छ । ढिलासुस्तीले योजना तथा कार्यक्रम कार्यान्वयमा समस्या देखिएको छ । जिविसले बजेट बिनियोजन गरेका योजना तथा कार्यक्रमको सम्झौता, प्राबिधिक सर्वेक्षण, प्रतिवेदन तयार, रकम भुक्तानी र फरफारकको काममा ढिलासुस्ती हुँदा उपभोक्ता समितिका पदाधीकारीहरूले सास्ती पाएका हुन् ।

कर्मचारी कार्यकक्षमा नभेटिनु, प्राबिधिक जनशक्तिको अभाव, समन्वयको कमी, उपभोक्तालाई प्रक्रिया र नीतिगत व्यवस्थाको बारेमा जानकारी नहुँदा ढिलासुस्ती भएको हो । एउटै कामको लागि धेरै पटक सदरमुकाम धाउनुपर्दा झञ्झट र सास्ती भएको भुरुङ तातोपानी मान्द्रेढुङ्गा सडक उपभोक्ता समितिका अध्यक्ष रामबहादुर पाईजाले बताउनुभयो ।

“कर्मचारी कार्यकक्षमा नबस्दा खोज्दै होटलमा पुग्नुपर्‍यो” पाईजाले भन्नुभयो “अनुभव नभएका गाउँका सोझा, साझा उपभोक्ता कर्मचारीको व्यवहारबाट हैरान भएका छन् ।” योजनाको पेस्की र अन्तिम किस्ता भुक्तानीका क्रममा प्राबिधिक, लेखा र योजना शाखाका कर्मचारीले अल्झाएर समयमै काम नगरीएको उपभोक्ताहरूको गुनासो छ । कार्यालयको काम छाडेर भत्ता पाउने गैरसरकारी संघसंस्थाका वैठक र कार्यक्रममा कर्मचारीहरू पुग्ने भएकाले एकदिनमा सक्ने काम दुइतिनदिन लाग्ने गरेको सेवाग्राहीहरूको गुनासो छ । योजनाको रकमबाट कर्मचारीहरूले कमिशन माग्ने गरेको उनीहरू बताउँछन् । ‘अलि अलि

बाँकी पृष्ठ ७ मा

शिक्षाको अव्यवहारिक नीति:

विद्यालय भवन योजना अधुरा

■ नवविकल्प

किसानी मावि बिमको निर्माणाधिन भवन । तस्विर : नवविकल्प

म्याग्दीमा सञ्चालीत विद्यालय भवन निर्माण योजनाहरू अधुरा बनेका छ । देशभर समान लागत र मापदण्डमा एकै किसीमको भवन निर्माण गर्ने शिक्षा मन्त्रालयको अव्यवहारिक नीतिका कारण आर्थिक स्रोत जुटाउन नसक्दा कक्षा कोठा भवन निर्माण योजनामा ढिलाई भएको हो । भवन निर्माण कार्यले पूर्णता नपाउँदा जिल्लाका करिब एक सय विद्यालयको पठनपाठन प्रभावित भएको छ । भौगोलिक रूपमा बिकट र दुर्गम क्षेत्रका विद्यालयका लागि कक्षा कोठा भवन योजना आर्थिक, प्राबिधिक र नीतिगत समस्याका कारण गलपासो बनेका छन् ।

प्राबिधिक जनशक्तिको कमी, समयमै कार्यक्रम प्राप्त र बजेट फुकुवा नहुँनु पनि कक्षा कोठा भवन निर्माणमा ढिलाई हुनुको थप कारण रहेको जिल्ला शिक्षा अधिकारी रामकुमार श्रेष्ठले बताउनुभयो । कार्यालयका अनुसार म्याग्दीमा गत आर्थिक वर्ष २०७२/७३ मा सम्पन्न गर्नुपर्ने ४९ वटा दुई कोठे भवन मध्य हालसम्म ६ वटा मात्र पुरा भएका छन् । मलम्पारको विद्यालयमा अझै भवन निर्माण सुरू भएको छैन् । चालु आर्थिक वर्षमा सम्पन्न गर्नुपर्ने २ वटा आठ कोठे, ७ वटा ४ कोठे, ९ वटा तिन कोठे बहुवर्षे भवन योजनाको भौतीक प्रगति समेत सन्तोषजनक छैन् । आर्थिक वर्ष २०७३/७४ मा सञ्चालन हुने तिन र दुई कोठे तीन/तीन र एक वटा चार कोठे भवनको सम्झौता हुन ढिलाई भएको छ ।

सडक सुबिधा नभएको बिकट ठाउँमा निर्माण सामाग्री ढुवानी गर्दा महँगो खर्च लाग्ने र सरकारी अनुदान पर्याप्त नहुँदा समस्या भएको मुक्तिमार्ग मावि घारको ८ कोठे भवन निर्माण समितिका अध्यक्ष रामबहादुर खड्काले बताउनुभयो । शिक्षा कार्यालयले ६० लाख रूपैयाँ अनुदान उपलब्ध गराएको सो भवन योजनाका लागि विद्यालयले थप चालीस लाख रूपैयाँ जुटाउनुपर्ने देखिएको छ । शिक्षा मन्त्रालयले देशैभरी प्रतिकक्षा कोठा भवन निर्माणका लागि

बाँकी पृष्ठ ७ मा

सूचना ! सूचना !! सूचना !!!

यस म्याग्दी जीप तथा बस सञ्चालक समिति अन्तर्गत रही यस बस तथा जीप सञ्चालन गर्न चाहनुहुने महानुभावहरुलाई आफूले चाहेको रुटमा यातायात सेवा सञ्चालन गर्न पाउने गरी रुट खुल्ला रहेको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ ।

थप जानकारीका लागि :

म्याग्दी जीप तथा बस सञ्चालक समिति

प्रधान कार्यालय,बेनी,म्याग्दी

फोन : ०६९५२०८८२,९८५७६४०३६३

सूचना ! सूचना !! सूचना !!!

विगत लामो समय देखी यहाँहरुको माझमा सेवा गर्दै आएको ताजा चाउमिनको मूल्यका साथै तौलमा वृद्धि भएको समस्त ग्राहक महानुभावहरुमा जानकारी गराउँदछौ । प्रतिकिलो चाउमिनको मूल्य ७५ रुपैयाँ कायम भएको जानकारी गराउँदछौ ।

जाल्पा चाउमिन उद्योग-बेनपा ६, म्याग्दी

कालीगण्डकी चाउचाउ उद्योग-मिलनचोक, पर्वत

STUDY & WORK IN JAPAN

Admission Open ....

Our Services:-

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Preperation Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice

TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & *Many more.*

INTAKE: April/July/October/January

Your bridge for aboard study in **Japan**
for more detail visit us.............

S. Raj Language Institute (P) Ltd.
Sangam Chock-Beni
Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।

सूचना

“महिला सम्मानको आधार:
सीपयुक्त र स्वरोजगार”

“बदलिँदो परिवेशमा
कामकाजी महिला: सन् २०३०
सम्ममा बराबरी पाइला”

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

5f]s/L

मुसुङमा खेलमैदान निर्माण

■ नवविकल्प

म्याग्दीको भकिम्ली २ मुसुङडोलेमा स्थानीयले पाखोलाई सम्माएर खेलमैदान निर्माण गरेका छन् ।

स्थानीय गणेश स्मृती कल्वको सक्रियतामा ११ लाख रूपैयाको लगानीमा खेलमैदान निर्माण भएको हो । मुसुङडोलेको पखरधारा भन्ने ठाउँमा निर्माण भएको सो खेलमैदानको लम्बाई १२० मिटर र चौडाई ५० मिटर रहेको खेलमैदान निर्माण समितीका अध्यक्ष डिलबहादुर थापाले बताउनुभयो । उहाँका अनुसार सार्वजनीक पाखोलाई सम्माएर खेलमैदान बनाइएको हो । सो खेलमैदानमा फुटबल, क्रिकेट, बास्केटबल, भलिबल लगायत खेल सञ्चालन गर्न सकिन्छ । जिल्ला विकास समितिले सांसद विकास कोष मार्फत एक लाख र गाविस कार्यालयले ८५ हजार रूपैया अनुदान उपलब्ध गराएको थियो ।

दुई लाख रूपैया चन्दा र सात लाख रूपैया ऋण मार्फत जुटाइएको अध्यक्ष थापाले बताउनुभयो । स्थानीयबासीबाट थप चन्दा संकलन गरेर ऋण तिर्ने योजना रहेको छ । खेलमैदान निर्माण भएपछि स्थानीय खेलाडीहरू उत्साहीत भएका छन् । समुन्द्रि सतहदेखि करिब दुई हजार मिटरको उचाइमा रहेको खेलमैदानबाट धौलागिरी, अन्नपूर्ण, माछापुच्छे लगायतका हिमशृङखला र ग्रामिण बस्तीहरूको मनोरम दृष्य अवलोकन गर्न सकिन्छ । खेलमैदानलाई घेराबार र प्याराफिट बनाउन पहल भैरहेको छ ।

मदिरा सेवन र बेच्नेलाई जरिवाना

■ नवविकल्प

म्याग्दीको भुरुङ तातोपानीका महिलाहरू मदिरा नियन्त्रण अभियानमा सक्रिय भएका छन् । भुरुङ तातोपानीको २, ३, ४ र ६ नम्बर वडाका महिलाहरूले तोकीएको भन्दा अन्य समयमा मदिरा सेवन र बिक्री गर्नेलाई जरिवाना तिराउने नियम बनाएका हुन् ।

मदिराको अव्यवस्थित बिक्री वितरण र सेवनका कारण सामाजिक सद्भावमा असर, विकृती, घरेलु हिंसा, अपराध र झैझगडा बढेपछि कडाइ गरिएको स्थानीय सुर्यमुखी महिला समूहकी अध्यक्ष बिष्णु गर्बुजाले बताउनुभयो । उहाँका अनुसार चाडपर्व र अन्य समय साँझ ५ देखि राती दश बजे भित्र मा मदिरा बिक्री, वितरण तथा सेवन गर्न पाउने नियम छ । नियम उल्लङघन गरेर मदिरा बेच्नेलाई एक हजार र सेवन गर्नेलाई पाँच सय रूपैया जरिवाना तिराउने गरीएको छ । एक वर्षयता नियम उल्लङघन गर्ने चार जना कारबाहीमा परेका अध्यक्ष गर्बुजाले बताउनुभयो ।

अनुगमन र निगरानीका लागि गाउँका सबै टोलमा समूहका २० जना सदस्यहरूलाई जिम्मेवारी दिइएको छ । उनिहरूले नियम उल्लङघन गरेको भेटीएमा स्थलगत रूपमै कारबाही गरेर रकम समूहको कोषमा जम्मा गर्छन् । चार वटा वडामा एक सय घरधुरीको बसोबास छ ।

महिला समूहका सक्रियतापछि सामाजिक विकृती नियन्त्रणमा सघाउ पुगेको स्थानीय अगुवा ओम फगामीले बताउनुभयो । मदिरा सेवन र बिक्री गर्ने सचेत भएपछि झैझगडा, घरेलु हिंसामा कमी आएको उहाँले बताउनुभयो । “पहिले हप्तामा एकरदुई वटा घटना हुन्थ्यो” फगामीले भन्नुभयो “अहिले धेरै कमी आएको छ ।”

सडक निर्माण समिति गठन

■ नवविकल्प

म्याग्दीको बेनी–दरवाङ–बिम–ताकम–जलजला सडक अयोजनाको बिम ताकम खण्ड निर्माणका लागि शुक्रबार उपभोक्ता समिति गठन भएको छ ।

खुमनाथ सुवेदीको अध्यक्षतामा गठन भएको समितिको सचिवमा किरन थापा, कोषाध्यक्षमा पदमकुमारी आचार्य र सदस्यहरूमा तारादेवी थापा, गोविन्द पौडेल, राजु बिक, प्रेमप्रसाद पुन, शेरबहादुर थापा र चन्द्रकला सुवेदी रहनुभएको छ । यसैगरी यमन रोकाको संयोजकत्वमा मनबहादुर भण्डारी, गौमती थापा, डिल्लीराज सापकोटा, धना केसी, देवबहादुर थापा र एकमाया पौडेल सदस्य रहनुभएको अनुगमन समिति गठन भएको आयोजनाका प्रमुख कृष्ण रायले जानकारी दिनुभयो । उपभोक्ता समिति मार्फत बिम देखि ताकम जोड्ने सडकको ताकम खण्डमा ट्याक खोल्ने काम गरीने भएको छ । सो योजनाका लागि जिविसले यस वर्ष ६० लाख रूपैया बिनियोजन गरेको छ । हाल बिमको शिवरात्री खोला नजिकैसम्म सडक पुगेको छ ।

प्रो. नारायण जि.सी.
मो.नं. ९८५१०१८६८३, ९८५७६४0003
जि.सी. क्रसर उद्योग
बेनी नगरपालिका–११, बगुवाखोला, म्याग्दी
सम्पर्क: ०६९–५२०९२०,
९८०२०६०३२२ (श्याम) ९८०५२०६२३५ (दिपक)
हाम्रा सेवाहरु
आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।
साथै
एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।
तपाईंको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

सातका तस्वीर



मतदान : फागुन १८ गते म्याग्दी बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनको नयाँ नेतृत्व चयनका लागि भएको मतदानमा भाग लिदै दृष्टिबिहीन विद्यार्थी गोपाल खत्री । तस्वीर : सन्तोष गौतम

जीतको उत्साह : फागुन १८ गते सम्पन्न स्ववियु निर्वाचनमा अनेरास्ववियुको प्यानलै विजयी भएपछि बेनीबजारमा खसियाली मनाउँदै विद्यार्थीहरु ।

तस्विर ठाकुरप्रसाद आचार्य

प्रत्यक्ष
तर्फको
मतपेटिका

सहकार्य नटुटोस् : म्याग्दी बहुमुखी क्याम्पसको स्ववियु निर्वाचनमा सभापतिका प्रत्यासी उम्मेदवारहरु एकसाथ मतदान गर्दै । निर्वाचनमा अनेरास्ववियुकी सावित्री खत्री विजयी हुनुभएको छ । तस्विर ठाकुरप्रसाद आचार्य

हार्दिक बधाई

सावित्री खत्री

अनिषा भट्टराई

ईश्वर सुवेदी

दर्पण रोका मगर

दिनेश सुवेदी

मिलन खत्री

रश्मी रोका मगर

सिर्जना घर्तीमगर

भावना क्षेत्री

सुष्मा खत्री

कर्णबहादुर मल्ल

स्वस्तिका नेपाली

सुष्मा पाइजा

राकेश शर्मा

दामोदर शर्मा

रेशम केसी

यहि फागुन १८ गते सम्पन्न म्याग्दी बहुमुखी क्याम्पस बेनी र मंगला शिक्षा क्याम्पस बाबियाचौरमा अनेरास्ववियुको प्यानलबाट क्रमशः सावित्री खत्री र अनिषा भट्राईले भारी मतका साथ सभापतिमा, उपसभापतिमा ईश्वर सुवेदी सचिवमा दर्पण रोका मगर, कोषाध्यक्षमा दिनेश सुवेदी, सहसचिव मिलन खत्री र सदस्यहरुमा क्रमशः रश्मी रोका मगर, सिर्जना घर्तिमगर, भावना क्षेत्री, सुष्मा खत्री, कर्णवहादुर मल्ल, स्वस्तीका नेपाली, समानुपातिकमा सुष्मा पाइजा, राकेश शर्मा (नेविसंघ) दामोदर शर्मा (नेविसंघ) रेशम केसी (अखिल क्रान्तिकारी) र बाबियाचौरमा सचिवमा प्रकाश खड्का, कोषाध्यक्षमा संगीता नेपाली र सदस्यहरुमा कृष्णकुमारी छन्त्याल, शोभा कँडेल र विमला किसान निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौ ।

नारायण जिसी

अध्यक्ष : नेकपा एमाले
बेनी नगर कमिटी, म्याग्दी

अध्यक्ष : युवा संघ नेपाल,
धौलागिरि अञ्चल कमिटी

इन्चार्ज :
युवा संघ नेपाल म्याग्दी

प्रोप्राइटर :
जिसी ग्रुप, बेनी म्याग्दी

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

सम्पादकीय ...

गाउँपालिका केन्द्रको विवाद किन ?

स्थानीय तह पुनसंरचनाका क्रममा म्याग्दीमा प्रस्तावित दुई वटा गाउँपालिकाको केन्द्रको विषयमा देखिएको बिवादले उग्ररुप लिएको छ । स्थानीय तहको पुनसंरचनाका लागि गठित आयोगले बुझाएको प्रतिवेदनलाई सरकारले अन्तिम रुप दिन लाग्दा म्याग्दीका दुइ केन्द्रका विषयलाई लिएर स्थानीयहरु आन्दोलित भएका छन् । रघुगंगा र धौलागिरी गाउँपालिकाको केन्द्र निर्धारण गर्दा राजनीतिक दलहरुले परिपक्क निर्णय नगर्दा यस्तो समस्या आएको हो । तत्कालिन समयमा गाउँपालिकाको सिमाङकन र केन्द्र निर्धारणमा दलहरुको असक्षमताका कारणनै समस्या उत्पन्न भएको छ । मौवाफाँटमा केन्द्र कायम गर्नुपर्ने माग गर्दै रघुगंगा गाउँपालिका नागरिक आन्दोलन संघर्ष समिति र ताकमलाई केन्द्र बनाउनुपर्ने माग गर्दै धौलागिरी गाउँपालिका नागरिक आन्दोलन संघर्ष समितिले जिल्ला निर्वाचन कार्यालय र जिविसमा तालाबन्दी गरे । साथै उनीहरुले बन्द, प्रर्दशन र चक्का जाम सम्ममा उत्रिए ।

तत्कालीन जिल्ला प्राबिधिक सहयोग समितिले धौलागिरी गाउँपालिकाको केन्द्र ताकम वा मुना तथा रघुगंगाको मौवाफाँट वा पाखापानी कायम गर्न सिफारिस गर्नु नै अपरिपक्क निर्णय थियो । प्रशासनिक सुगमता र भौगोलिक अनुकुलता हुने गरी गाउँपालिकाको केन्द्र निर्धारण गरिनुपर्दथ्यो । जिल्ला प्राविधिक सहयोग समिति र राजनीतिक दलका प्रतिनिधिहरुको गलेश्वर वैठकमा कुनै विकल्प नराखी सहमतिमा केन्द्र निर्धारण गर्नुपर्दथ्यो । प्रशासनिक सुगमता र भौगोलिक अनुकुलतालाई ध्यानमा राखेर सवै नागरिकहरुलाई सुविधा पुग्ने गरी केन्द्र निर्धारण गर्नु नै उत्तम हुनेथियो तर दलहरुले कसै मनबुझाउने अपरिपक्क निर्णय गरे । जिल्लाका राजनीतिक दलहरुको अदुरदर्शिताका कारण अहिले नागरिकहरु आन्दोलनको सास्ती भोग्नुपरेको छ । यतिखेर सरकारले बनाएको कार्यदलले प्रतिवेदन सरकारलाई दिने तयारी गरेको छ । तर म्याग्दीको विषयमा कुनै सम्बोधन भएको छैन । म्याग्दीमा देखिएको समस्याको समाधान निकाल्ने आखिर सम्बन्धित क्षेत्रका नागरिकहरुले नै हो । स्थानीय तहको निर्वाचनको मुखमा आएर गरिएका आन्दोलनले निर्वाचनलाई प्रभावित पार्न सक्छ । आन्दोलन भन्दा पनि सहमति र आपसी छलफल गरेर समस्याको समाधान निकाल्नु नै उत्तम विकल्प हुनसक्छ ।

विवाद भएका गाउँपालिका केन्द्रका विषयमा स्थानीय तहको निर्वाचन पछि निर्वाचित पदाधिकारीहरुले बहुमतका आधारमा विवाद मिलाउने व्यवस्था छ । अहिले आन्दोलन गरेर समस्याको समाधान हुन सक्दैन । आन्दोलनले विवादलाई झन चर्काउन सक्छ । केन्द्रका पक्ष र विपक्षमा रहेका नागरिहरुलाई विभाजीत गर्न सक्छ । पक्ष र विपक्षीका विच द्वन्द्वले उग्ररुप लियो भने दिर्धकालिन रुपमा यसले ठूलो असर पुर्‍याउन सक्छ । विवाद वढ्दै गयो भने राजनीतिक र सामाजिक रुपमा झटिल समस्याहरु आउन सक्छन् । मिलेर वसेका नागरिकहरुका विच झैझगडा र बेमेलको वातावरण सिर्जना हुन सक्छ । त्यसैले संमयमित भएर केन्द्रका विषयमा विवाद टुङ्गाउदा राम्रो हुन्छ । नाकबन्दी,हड्ताल र नारावाजीले समस्यालाई समाधान तिर लैजादैन । बैशाख ३१ मा स्थानीयतहको निर्वाचन हुँदै छ । निर्वाचन विथोलिने क्रियाकलापहरु कसैबाट पनि हुनुहुँदैन । निर्वाचन पछि नै सवै विवादहरुको निरुपण हुने भएकाले सवैको ध्यान निर्वाचन तिर लगि निर्वाचनलाई सफल पारौं ।

l6KkOfL, kltlqmof / ;emfj

नवविकल्प साप्ताहिकमा छापिएका लेख, समाचार वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क:
bikalpanews@gmail.com
फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६

संविधान संशोधन त नहुने नै भो, चुनाव हुन्छ कि हुन्न ?



=== ;Hjwfg ;zf]wg x'g] ;Sg]; Defjgf ca nueu ;dfKt eof]eGbf km/s kbg} . l;ufdh's / ;a}/fhgllts zlQmx? nfO{uf]naGb u/] gofF ;Hjwfg sfof{jog ;Dej agfpg sf] nflu ;Hjwfg ;zf]wgsf] cfjZostf k/]sf] xf]. ljgf ;zf]wg klg ;Hjwfg sfof{jogsf] ult cl3 a9\5 eg]s ;}nfO{ cfklQ x'g] s'/f ePg . t/ To:tf] ;Defjgf b]lvbg} . a? ;Qfdf ;Ddfghgs lx:;]bf/Lsf] ;lgZrttf x'g]xf]eg] rGb dfcf]jfbL lgjf{rgdf ;xefuL aGg /fhL xf]nf t/ oyfl:yltdf dw]; s]lGb|t bnx? ;xefuL aGg] ;Defjgf b]lvbg} .

- चन्द्रप्रकाश बानियाँ

प्रचण्डसरकारले संसदको प्रचण्ड बहुमतको समर्थन प्राप्त गर्न सफलता पाएको भए पनि त्यो संख्या संविधान संशोधनको लागि प्रयाप्त थिएन । संविधान कार्यान्वयनका लागि निर्वाचनहरू तोकिएको मितिभित्र गराउनु अनिवार्य थियो र त्यसका लागि मधेसको असन्तुष्टि सम्बोधन गरिनु उत्तिकै आवश्यक थियो । मधेसको असन्तोष सम्बोधन गर्नका लागि संविधान संशोधन गर्नु अनिवार्य थियो । त्यसको अर्को विकल्प थिएन । सत्तापक्षले उतिबेला यो विषयलाई उति गम्भीरतापूर्वक लिनुपर्ने आवश्यकता देखेन । यदि त्यसो हुन्थ्यो भने पहिलो मन्त्रिमण्डल गठन गर्दाकै क्षणमा कमसेकम दुईतीहाई बहुमत जुटाउन सकिनेगरी साना राजनीतिक दलहरूलाई विश्वासमा लिइन्थ्यो । १/२ सिटे पार्टीहरू मात्र होइन, संसदमा राम्रै उपस्थिति रहेका तत्कालीन राप्रपा नेपाल र फोरम लोकतान्त्रिक समतेलाई उपेक्षा नगरिएको भए पनि उचित भाउ दिइएन । नयाँ सरकार गठनको सन्दर्भमा अलिकता उदारता देखाउन सकेका भए ती दुबै पार्टीलाई सत्ता सहभागिताका लागि राजी गराउन गाहारो थिएन । दुईतीहाई बहुमत जुटाउने विषयलाई लक्ष नबनाउने त्यतिबेलाको नीति खोटपूर्ण थियो भन्ने कुरा समयले पुष्टि गर्दै लगेको छ । त्यतिबेला गरिएको गल्ती यतिबेला सत्तापक्षका लागि गलपाशो बनेको छ । गनीटिपी नै सही, सरकारको मुठीमा दुईतीहाई बहुमत भैदिएका भए संविधान संशोधनको पक्षमा उभिन एमालेलाई पनि नथ्थी लाग्थ्यो । “दुःख पाइस् मङ्गले, आफ्नै ढङ्गले” भनेजस्तो बेलामा बुाद्धि नपुग्नाले सत्तापक्ष आफू त टाउको समात्नुपर्ने अवस्थामा पुग्यो पुग्यो, देशलाई पनि असजिलो अवस्थामा पुर्‍याउने भो भन्नु बढी नहोला ।

हुनत, राजनीति गर्नेहरू सधैं आँखा चिम्लेर हिड्छन् भन्ने होइन । “आए आँप गए झटारो” भनेर हिड्न थाल्नेले अपेक्षित सफलता प्राप्त गर्न सक्तैन । विना हिसाबकिताब माओवादी केन्द्रले ओलीसरकारलाई दिएको समर्थन फिर्ता लिएको थिएन होला । मधेसलाई मनाउन सकिने सम्भावनाको मसिनो हिसाब गरेरै सत्ताको नेतृत्व लिने आँट गरिएको होला । त्यस्तो सम्भावना सून्य रहेको भए पटके असफलताको आक्षेपको भागिदार बन्ने रहर प्रचण्डले बेसाउने थिएनन् होला । ओलीको तुजुक असहनीय हुदै गएको थियो भने पनि एमालेकै अर्को कुनै नेताद्वारा प्रतिस्थापना गनु बुद्धिमानी हुन्थ्यो । अथवा नेपाली काँग्रेसलाई सत्तानेतृत्वको पहिलो पालो दिने बुद्धि पुर्‍याइन्थ्यो होला । त्यस्तो कुनै चेष्टा गरिएन ! त्यसका पछाडि निश्चय नै केही बलिया कारणहरू रहेको हुनुपर्छ । केही दृश्य अदृश्य सम्भावनाहरूको अनुमान गरिएको थियो होला । दूर्घटनाको कारण प्रयत्न गरेका भए यतिबेला निरीह बन्नुपर्ने अवस्था उत्पन्न नहुन सक्थ्यो । प्रचण्डजत्तिको चतुर राजनीतिक खेलाडीको दाउपेचलाई असफल बनाउने कुराहरू वास्तवमै के के थिए त, भन्ने प्रश्न स्वाभाविक रूपमा यतिबेला उठेको छ र सडकचर्चाको विषय बन्न थालेको छ ।

बजारले समातेको अनुमानको पहिलो विषय हो -एमालेको नैतिकता ! भट्टराई समितिमा एमाले र काँग्रेसले सगोलमा पेश गरेको पाँच नम्बर प्रदेशको प्रस्तावित सिमाङ्कन जस्ताको तस्तै अघिसार्दा त्यसको विरोधमा उभिन एमालेलाई नैतिक संकट पर्छ भन्ने प्रचण्डको अनुमानले फेल खायो । उसै पनि राजनीतिमा सबै कुरा चल्छ भनेर मानिन्छ । त्यसमाथि एमालेबाट नैतिकताको अपेक्षा गर्नु मरूभूमिमा वर्षाको कल्पना गर्नु समान मूर्खता थियो । नैतिकताको डोरीमा लतारिएर समर्थन गर्नुको सट्टा त्यही प्रस्तावलाई “राष्ट्रघाती” भनेर घनघोर प्रचारयुद्धमा एमाले संलग्न भैदियो । सिङ्गो जीन्दगी भारतको गुलामीमा बिताउने अनि मौका हेरेर अकस्मात भारतविरोधी अडान लिएको सफल नौटङ्की प्रदर्शन गर्न लाज नमान्ने एमाले नतृत्वले नैतिकतालाई महत्व दिन्छ, देशको आवश्यकता बुझ्छ र समस्या समाधानमा सहयोगी बन्छ भनेर कल्पना गर्नु नै वास्तवमा आफै घामट सावित हुनु थियो । यदि सरकारसँग एमालेबाहेक पनि दुईतीहाई जुटाउन सक्ने हैसियत भैदिएका भए “प्रस्ताव त हाम्रै हो” भनेर स्वामित्व लिन एमाले अग्रसर हुन्थ्यो । सत्तापक्षले नादानी गरिसकेको थियो । आफू कमजोर बन्ने परिस्थिति आफै सिर्जना गसिसकेको थियो । एमालेले घाँटी समात्ने अवसर छोड्ने पनि दुईतीहाई बहुमत जुटाउन सक्ने अवस्था भैदिएका भए मधेसको वार्गेनिङ्गपावर थप बलियो हुन्थ्यो । यथास्थितिमा सरकारी प्रस्तावको समर्थन गर्न नसकिने कुरा मधेसकेन्द्रित दलहरूबाट सार्वजनिक हुदै आएको पनि थियो । सायद, त्यही कारणले अर्थात मधेसले त्यत्तिमै चित्त बुझाउने परिस्थिति बन्यो भने ढिलोचाडो एमाले पनि प्रस्तावको समर्थन गनेुपर्ने अवस्थामा आइपुग्छ भन्ने अनुमान गरिएको हुदो हो । न मधेस खुम्चिन राजी भयो न एमालेलेले उदारता देखायो । यहीनेर एमालेको अडानले मधेसकेन्द्रित दलहरूको जुङ्गो राखिदिने काम भने गरिदिएको छ भन्दा पनि फरक नपर्ने भएको छ । एमालेकै अडानका कारणले आफूले प्रारम्भदेखि असहमति जनाउँदै आएको प्रस्ताव स्वीकार्नुपर्ने वाध्यात्मक परिस्थिति उत्पन्न हुन पाएन । आन्दोलनमा जानका लागि बनिबनाउ इसु जीवित रह्यो । अप्ठेरो परेको सरकरालाई मात्र हो । एमाले र मधेसकेसन्द्रत दलहरूलाई आ- आफूले तयार गरेको डोरेटोमा हिड्न वाधा अवरोध पुर्‍याउने कुरा केही रहेन ।

सत्तापक्षका निमित्त यतिबेला सबभन्दा बढता टाउको दुखाईको विषय एकीकृत राप्रपाको पछिल्लो निर्णय बन्न गएको छ । राप्रपा पनि के गरोस विचरा ! सरकारी प्रस्तावको समर्थन गर्दा आफ्नो हातबाट सदाको लागि “राष्ट्रवाद” को तुरूपको एक्का एमालेले खोसेर लिने भो । यतिबेला संसारभर देखिएको राजनीतिको दक्षिणपन्थी लहरलाई नेपालको बौद्धिक समाजले राष्ट्रवादी लहरको रूपमा परिभाषित गरिदिनाले राप्रापालाई धर्मसंकटमा पारिदिएको हो । सके त एमालेभन्दा बढी राष्ट्रवादी देखिनुपर्ने नभए पनि “म ताकछु मुढो, बञ्चरो ताक्छ घुँडो” भनेजस्तो पनि हुन सक्छ । आफूले चाहे इच्छाए जसरी परिस्थिति अनुकूल नभैदिनाले कामकुरो बिग्रदै गएको पनि हुनसक्छ । समान्य भन्दा सामान्य विषयको उपेक्षा गर्दा परिणाम अकल्पनीय बन्न सक्दछ । बेलैमा दुईतीहाईको समर्थन जुटाउने कुरै हुदैनथ्यो । छोडेन ।

“नहुनुभन्दा कानो मामा निको” भनेजस्तो मधेस केन्द्रित राजनीतिक शक्तिहरू थाकेर लतारिएर सरकारको मध्यमार्गी प्रस्तावको समर्थन गर्न आइपुग्छन् भन्ने प्रचण्डको अनुमानले पनि फेल खाने परिस्थिति निर्माण भैदियो । सरकारले एमालेबाहेक एमालेको अनुशरण गर्नबाट चुक्ने हो भने राजनीतिक भविष्य नै समाप्त हुने “मनको बाघ”ले उसलाई आतंकित बनाएको हुनाले सरकारी प्रस्तावको विपक्षमा उभिन वाध्य बनाएको हो । सत्तापक्षका लागि राप्रपाको यो कोल्टोफेराई पनि अनपेक्षित धक्का सावित हुन गएको छ ।



संविधान संशोधन हुनसक्ने सम्भावना अब लगभग समाप्त भयो भन्दा फरक पर्दैन । सिंगो मुलुक र सबै राजनीतिक शक्तिहरूलाई गोवलबन्द गरेर नयाँ संविधान कार्यान्वयन सम्भव बनाउनको लागि संविधान संशोधनको आवश्यकता परेको हो । विना संशोधन पनि संविधान कार्यन्वयनको गति अघि बढ्छ भने कसैलाई आपत्ति हुने कुरा भएन । तर त्यस्तो सम्भावना देखिदैन । बरू सत्तामा सम्मानजनक हिस्सेदारीको सुनिश्चितता हुने हो भने चन्द माओवादी निर्वाचनमा सहभागी बन्न राजी होला तर यथास्थितिमा मधेसकेन्द्रित दलहरू सहभागि बन्ने सम्भावना देखिदैन । झण्डै वर्षदिन लामो आन्दोलन, पाँच दर्जन नागरिकहरूको बलिदान, सयौंको संख्यामा घाइते र अरबौंको आर्थिक क्षतिपछि हातलाग्यो सून्यको स्थिति यथावत राखेर सरकारी निर्णयको समर्थन गर्न मधेसकेन्द्रित दलहरूलाई कुन नैतिकताले बल दिन्छ र ? जनतासँग कुन मुखले मत माग्नु ? यथास्थितिमा मधेसकेन्द्रित दलहरू निर्वाचनमा सहभागि हुनेछन् भनेर कल्पना गर्न सकिदैन । उनीहरूका लागि निर्वाचन बहिष्कार अनिवार्य नियति बन्ने छ । तर उनीहरूको बहिष्कार कस्तो रूपाकृतिको हुनेछ भन्ने कुराले भने विशेष अर्थ राख्दछ । हिंसात्मक बाटो अवलम्बन गरियो भने देशमा फेरि अर्को एकपटक रगतको नदी बग्ने अप्रिय स्थिति सिर्जना हुनेछ । शान्तिपूर्ण सत्याग्रहको “गाँधी बाटो” अवलम्बन गरिएछ भने पनि निर्वाचनको औचित्यमाथि प्रश्न उठ्ने छ । र त्यसले थप राजनीतिको संस्थापन पक्षलाई संसारसामु लज्जावनत हुनुपर्ने गरी नैनिक दवाव दिनेछ छ । ■

हार्दिक बधाई

हाम्री प्यारी छोरी सावित्री खत्री म्याग्दी बहुमुखी क्याम्पसको फागुन १८ गते सम्पन्न स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा अनेरास्ववियुको प्यानलबाट लोकप्रिय मतका साथ सभापतिमा निर्वाचित हुन सफल भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सम्पूर्ण निर्वाचित पदाधिकारी र सदस्यहरुको सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं । साथै आफ्नो अमूल्य मत दिनुहुने सम्पूर्ण विद्यार्थीहरुमा हार्दिक आभार व्यक्त गर्दछौं ।

बुवा: शेरवहादुर खत्री

आमा : तालमती खत्री

एवम् खत्री परिवार, कुहुँ, म्याग्दी

तातोपानीको आम्दानी बढ्दो

■ नवविकल्प

म्याग्दीको पर्यटकीय स्थल भुरूङ स्थित प्राकृतिक तातोपानी कुण्डको आम्दानी बढेको छ । कुण्डमा आउने पर्यटकको चाप, प्रवेश शूल्क वृद्धि र सञ्चालनका लागि ठेक्का प्रतिस्पर्धा गराउन थालीएपछि आम्दानी बढेको हो । यस वर्षदेखि कुण्डको आम्दानीलाई गाविस कार्यालयको स्वामित्वमा ल्याइएको गाविस सचिव दिपकलाल पालले बताउनुभयो । यसअघि कुण्ड संरक्षण समितिले ठेक्का लगाउँदै आएको थियो ।

आर्थिक वर्ष २०७२र७३ मा १६ लाख २२ हजार रूपैयाँमा वार्षिक ठेक्का लागेको कुण्ड सञ्चालनका लागि चालु आर्थिकमा तीस लाख रूपैयाँमा सम्झौता भएको सचिव पालले बताउनुभयो । यसैगरी यस वर्षदेखि तातोपानी कुण्डमा स्नानका लागि प्रवेश शूल्क समेत बृद्धि गरीएको छ । नेपालीलाई प्रतिब्यक्ति ३० रूपैयाँबाट बढाएर पचास र बिदेशीलाई एक सयबाट बढाएर १५० रूपैयाँ प्रतिब्यक्ति कायम गरिएको कृष्णगण्डकी तातोपानी कुण्ड संरक्षण समितिका अध्यक्ष आत्मा तुलाचनले बताउनुभयो । बेनी–जोमसोम सडक अन्तरगत कालीगण्डकी नदीको किनारमा प्राकृतिक रूपमा निस्कने ५५ डिग्री सेल्सीयस तातोपानी संकलन गरिएको तलाउ र धारामा स्नान गर्न वार्षिक १५ हजार जना बिदेशी र पचास हजार जना आन्तरिक पर्यटक आउने गर्छन् । कुण्डको आम्दानी भुरूङ तातोपानीमा रहेको सर्वोदय माविमा ११ र १२ को कक्षा तथा हिमालय प्राबी सञ्चालनका लागि सहयोग गरिदै आएको छ । यस वर्ष सर्वोदय माविलाई ११ लाख र हिमालय प्राबिलाई तिन लाख २४ हजार सहयोग गरिएको छ ।

यसैगरी स्वास्थ्य चौकीमा ल्याब प्राबिधिकको तलब, कुण्डको ब्यवस्थापन, संरक्षण र पुर्वाधार निर्माणमा समेत आम्दानीको रकम खर्च हुने गरेको छ । यसैबीच पर्यटन कार्यालय पोखराको ११ लाख पचास हजार रूपैयाँ सहयोगमा हालै दुई वटा पोखरी निर्माण गरिएको छ ।

करिब साढे दुई करोड लगानी

■ नवविकल्प

म्याग्दीका तिन हजार सात सय भन्दा बढी घरधुरी विपन्नको जिविकोपार्जन सुधारका लागि करिब साढे दुई करोड रूपैयाँको घुम्ती कोष परिचालन भएको छ ।

गरिबी निवारण कोषले १६ गाविसका तिन हजार ७३४ घरधुरी विपन्नलाई आयआर्जनको क्षेत्रमा परिचालन गर्न दुई करोड ३३ लाख २४ हजार २२१ रूपैया उपलब्ध गराएको हो । ६८ वटा सामुदायिक विकास संस्थालाई बिना धितो सहुलियत ब्याजदरमा घुम्ती कोष मार्फत ऋण लगानी गर्नका लागि सो रकम उपलब्ध गराएको कोषका जिल्ला कार्य प्रबन्धक ईश्वरा आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार विपन्न समुदायको आयआर्जन वृद्धी गरि गरिबी निवारणमा सघाउ पुग्ने किसीमका क्रियाकलाप गर्न घुम्ती कोषको रकम परिचालन गरिएको हो । सामुदायिक विकास संस्थाहरूमा दुई हजार २६ अति गरिब, एक हजार २१६ मध्यम र ४०२ गरीब बर्गका परिवार आवद्ध छन् । कोषले उपलब्ध गराएको रकम बाख्रा, भैसीपालन, तरकारी, फलुफल खेती, ब्यापार ब्यवसायको क्षेत्रमा लगानी भएको छ ।

सामुदायिक संस्थामा आवद्ध भएका मध्य ८५ प्रतिशत महिला छन् । उनिहरूलाई सामुदायिक विकास संस्था मार्फत सामुहिक जमानीको आधारमा वार्षिक ६ प्रतिशत ब्याजदरमा बिना धितो ऋण पाउने ब्यवस्था मिलाइएको छ । घुम्ती कोष स्थापनाका लागि दश प्रतिशत संस्था र नब्ब प्रतिशत गरिवी निवारण कोषले अनुदान उपलब्ध गराएको छ ।

म्याग्दीमा संगम म्याग्दीले घार, दाना, हिस्तान, पिप्ले, दोवा, पाखापानी, चिमखोला, दरवाङ, बरंजा र निस्कोट तथा धौलागिरी सामुदायीक स्रोत विकास केन्द्रले देविस्थान, ताकम, मुना, लुलाङ, गुर्जा, मुदी, मराङ, मल्कवाङ, कुइनेमंगले, रूम र ओखरबोटमा सामुदायीक संस्था गठन, सहजिकरण, क्षमता विकास र समन्वय गर्दै आएका छन् । संस्थाका सदस्य तथा पदाधीकारीहरूलाई नेतृत्व क्षमता विकासको क्षेत्रमा समेत कार्यक्रम सञ्चालन भएको छ ।

गुराँस फूल्न थालेपछि पर्यटकको चहलपहल

■ नवविकल्प

म्याग्दीको पहाडी क्षेत्रका जंगलमा राष्ट्रिय फुल गुराँस फुल्न थालेसंगै पर्यटकको चहलपहल बढ्न थालेको छ ।

घारको घोडेपानी, कुहुँको टोड्के, राम्चेको मोहरे, भगवतीको रूईसे लगायतका पहाडी क्षेत्रका जंगल बसन्त ऋतुको आगमनसंगै गुराँसले रंगीन थालेको छ ।

विश्व प्रसिद्ध पर्यटकीय स्थल अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तरगत पर्ने घोडेपानी, अन्नपूर्ण धौलागिरी सामुदायिक पर्या पदमार्ग अन्तरगतको मोहरे तथा कुहुँ, झिँ, पाखापानी र पात्लेखेत गाविसको सिमा क्षेत्रमा पर्ने टोड्के, धौलागिरी आईसफल पदमार्गको रूईसे, भेडीओडार क्षेत्र रंगी बिरंगी गुराँस फुलेर मनमोहक बनेको हो । बसन्त ऋतुमा पाखाभरी ढकमक्क फुल्ने गुराँस, पृष्ठ भुमिका हिमाल र सुर्योदयको दृष्यले पर्यटकलाई आकर्षीत गर्ने घोडेपानीका होटल ब्यवसायी टेकसर बुद्धजा पुनले बताउनुभयो । उहाँका अनुसार गुराँस फुल्न थालेपछि आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेको छ ।

गत वर्ष कम गुराँस फुलेको घोडेपानीको जंगल यसपाली फागुनको दोस्रो सातादेखिनै रंगीन थालेको छ । एक्यापले गरेको अध्ययन अनुसार नेपालमा पाईने ३२ प्रजातीका मध्य घोडेपानी क्षेत्रको जंगलमा १६ प्रजातीका गुराँस पाईन्छ । रातो, सेतो, चिमाली, सिमाली लगायत जातका गुराँस फुल्दा जंगलहरू आकर्षक देखिन्छन् ।

यसैबीच पछिल्लो केही वर्षयता म्याग्दीको जंगलमा छिटो गुराँस फुल्न थालेको छ । पहिले फागुन दोस्रो सातादेखि फुल्ने गुराँस एक, दुई वर्षयता माघको अन्तिमदेखिनै फुल्न थालेको शिख २ का देउबहादुर गर्बुजाले बताउनुभयो । तापक्रम वद्धि र छिटो गर्मी सुरू भएकाले गुराँस फुल्ने समय समेत अघि सरेको ७० वर्षिय गर्बुजाको भनाई छ ।

गैरसरकारी संस्था लिवर्डले यस क्षेत्रमा गरेको अध्ययन अनुसार सिजनमा फुल्ने गुराँसको तुलनामा मौसममा एक्कासी आएको परिवर्तनको कारण छिटो फुलेको गुराँस छिट्टै ओइलीएर झर्ने गरेको प्रतिवेदन सार्वजनिक गरेको थियो ।

सगुन स्टेशनरी स्टोर्स
विभिन्न पाठ्यपुस्तक, स्टेशनरी सामग्री, खेलकुद एवम् पत्रपत्रिका
धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता
क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

यात्रु महानुभावहरूलाई खुशीको खबर
पश्चिम म्याग्दी यातायात प्रा.लि.को संयोजनमा २०७३ मंसिर १९ गतेदेखि बेनी–दरबाङमा अत्याधुनिक र सुविधासम्पन्न जीप सेवा सुचारु भएको व्यहोरा जानकारी गराइन्छ ।
थप जानकारीको लागि
पश्चिम म्याग्दी यातायात प्रा.लि.
दरबाङ, म्याग्दी, मोबाइल नं. ९७४१४०५०००

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको बजेट बाँडफाँड

■ नवविकल्प

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका लागि म्याग्दीमा प्राप्त भएको एक करोड ६२ लाख रूपैयाँ बजेट बिहीवार विभिन्न योजना तथा कार्यक्रमलाई बाँडफाँड गरिएको छ ।

परियोजना मार्फत सञ्चालित मकैबाली र तरकारीबालीको उत्पादन तथा प्रसोधन केन्द्र (ब्लक) तथा पकेट क्षेत्रको कार्यक्रमलाई बजेट वितरण गरिएको हो । जिल्ला कृषि विकास कार्यालयमा बसेको मिलीजुली मकैबाली र धौलागिरी तरकारी खेती बल्क आयोजनाका पदाधीकारीहरूको बैठकले विभिन्न योजनाहरूलाई बजेट वितरण गरेको कार्यालयले जनाएको छ ।

झकिम्लीमा तालीम केन्द्र निर्माणका लागि ग्रामिण कृषि सहकारी संस्थालाई पाँच लाख, खबराको राधाकृष्ण कृषि सहकारी संस्थालाई सिचाई आयोजना निर्माण गर्न दश लाख, कृषि औजार र केन्द्र सञ्चालन गर्न सिंगाको शुभकामना कृषि सहकारी संस्थालाई तिस लाख र अर्मन बहुउद्देश्यीय सहकारी संस्थालाई पन्ध्र लाख अनुदान दिने निर्णय भएको छ । यसैगरी तरकारी र मकै भण्डारण तथा बजारीकरणका लागि ढुवानी गर्ने सवारी साधन खरिद गर्न मकै बल्क आयोजना सञ्चालक समितिलाई बिस लाख र तरकारी बल्क आयोजना सञ्चालक समितिलाई पन्ध्रलाख रूपैयाँ अनुदान उपलब्ध गराइने बरिष्ठ कृषि विकास अधिकृत श्यामप्रसाद रिजालले जानकारी दिनुभयो ।

पकेट क्षेत्र कार्यक्रम अन्तरगत अर्मन र बरंजामा मकैको तथा बेनपा ८ र ४ मा तरकारीको प्रबिधि प्रर्दशनी गरिने भएको छ । १५ वटा पकेट क्षेत्रका कार्यक्रम सञ्चालन हुने भएको छ । अनुदान पाउने सहकारी र कृषक समूहले १५ देखि ५० प्रतिशत लगानी जुटाउनुपर्ने बाली संरक्षण अधिकृत हरिहर शर्माले बताउनुभयो । बेनी नगरपालिकाको ज्यामरूककोट तथा झकिम्ली, बरंजा र अर्मन गाविसमा मकैबाली तथा बेनी नगरपालिका क्षेत्रमा तरकारी बालीको बल्क आयोजना सञ्चालन भएको छ ।

युवा व्यायवसायीद्वारा उमेद्वारी घोषणा

■ नवविकल्प

धौलागिरीका दुई जनाले नेपाल उद्योग वाणिज्य महासंघको आगामी कार्यसमितिको पदाधीकारी र प्रदेश समितिको सदस्यमा उमेद्वारी घोषणा गर्नुभएको छ ।

महासंघको चैत २८ र २९ गते हुने महाधिवेशनबाट निर्वाचीत हुने कार्यसमितिको जिल्ला तथा नगर उद्योग वाणिज्य संघको उपाध्यक्षमा म्याग्दीका प्रमोद श्रेष्ठ र प्रदेश नम्बर ४ को सदस्यमा बागलुङका निर्माणकुमार श्रेष्ठले उमेदवारी घोषणा गर्नुभएको हो । म्याग्दी उद्योग वाणिज्य संघको आयोजनामा बिहीबार बेनीमा बसेको अञ्चल भेलाले श्रेष्ठद्धयलाई उपाध्यक्ष र प्रदेश सदस्यमा उमेद्वार बनाउने निर्णय गरेको संघका अध्यक्ष जिवनबहादुर विश्वकर्माले जानकारी दिनुभयो ।

वर्तमान कार्यसमितिमा जिल्ला तथा नगर उद्योग वाणिज्य संघको तर्फबाट केन्द्रिय सदस्य रहनुभएका म्याग्दी उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष श्रेष्ठ यसअघि समेत दुई कार्यकाल महासंघको केन्द्रिय सदस्य भईसक्नुभएको छ ।

निर्माणकुमार श्रेष्ठ महासंघको वर्तमान कार्यसमितिको केन्द्रिय सदस्य तथा धौलागिरी अञ्चल संयोजक हुनुहुन्छ । उपाध्यक्ष पदमा उमेद्वारी घोषणा गरेका श्रेष्ठले महासंघको संस्थापन पक्षले बस्तुगत तर्फका ब्यवसायीलाई जिल्ला तथा नगरबाट उपाध्यक्ष बनाउन अघि सारेकाले आफूले उमेद्वारी दिएको बताउनुभयो ।

श्रेष्ठद्धयले नगर तथा जिल्ला उद्योग वाणिज्य संघको हक अधिकारको रक्षा, अन्यायको विरूद्ध आफूहरूले उमेद्वारी दिएको बताउनुभयो । उमेद्वारी घोषणासंगै चुनावी प्रचारप्रसारलाई पनि तिब्रता दिने अञ्चल भेलाले निर्णय गरेको छ ।

g]kfn ;/sf/
s[if ljsf; dGqfno
s[if ljefu
If]qLo s[if lgb]zgfno

जिल्ला कृषि विकास कार्यालय, म्याग्दी बेनी

सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा आ.ब ०७३।७४ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अर्न्तगत तपसिलका पुर्वाधार क्षेत्रहरूमा परियोजना संचालनमा रहेको हुदा यस परियोजनामा सहभागी हुन चाहने कृषकहरूले २०७३/११/२५ सम्म आफ्नो विवरण सम्बन्धीत कार्यालय वा ब्लक विकास समितिमा बुझाउन हुन अनुरोध गरिन्छ ।

तपशिल

मकै ब्लक क्षेत्र :– अर्मन, बरंजा, झकिम्ली र (बे.न.पा.क्षेत्र बाहेक रत्नेचौर र,ज्यामरूकोटको माथील्लो भाग) ।
तरकारी ब्लक क्षेत्र : वेनी नगरपालीका ।

पकेट क्षेत्रहरु

१) मौरी पकेट क्षेत्र : कुहुं को हिदि देखी डढुवा सम्म
२) अदुवा पकेट क्षेत्र :
रुम गा. वी. स. को रुम
३) तरकारी तथा तरकारी वीउ उत्पादन पकेट क्षेत्र :
वावीयाचौर गा. वी. स. को रनबाङ , ओखरवोट गा. वी. स. को फुलवारी
४) खाद्यान्न वाली तथा वीउ (मकै, भटमास)पकेट क्षेत्र :
दरवाङ गा. वी. स. को उपल्लो दुखु , झिं गा.वि.स.को झीं र ताकम गा.वि.स.को वडा नं. ३ ताकम,
५) आलु बाली पकेट क्षेत्र :
राम्चे गा.वी.स.को राम्चे, हीस्तान गा.वी.स.को घराम्दी, शीख गा.वी.स.को शिख, पाखापानी गा.वी.स.को ठाडाखानी
६) सुन्तलाजात फलफुल पकेट क्षेत्र :
विम गा. वी.स.को दुले, भारबाङ, अर्कला, नरले र तल्लो वीम गांउ, देविस्थान गा.वि.स.तामला र नीयाबोट, नरच्याङ गा.वि.स.को छेम्दी भु. तातोपानी गा.वि.स. को कटुञ्जे र चिसापानी,

तथ्यांक साथ संलग्न गर्नु पर्ने विवरण

१. नागरीकताको फोटोकपी।
२. जग्गाको पुर्जा वा मालपोत तिरेको रशीद को फोटोकपी ।
३ जग्गा भाडा/अधिया वा पुर्जा नभएको अवस्थामा प्रमाणीत कागजात ।
४. सम्बन्धीत ब्लक/पकेट समितिको सिफारीस ।

बिस्तृत जानकारीका लागी जिल्ला कृषि विकास कार्यालय को टेलिफोन नं. ५२०१३०, संयोजक हरिहर शर्मा ९८४६१०४१४४, कृषि सेवा केन्द्रहरू तथा एक गांउ एक प्राविधिक संग सम्पर्क राख्न सकिनेछ ।

साथै मकै ब्लक संचालक समिति अध्यक्ष नर बहादुर थापा ९८४७६५०७०५
तरकारी ब्लक संचालक समिति अध्यक्ष मुक्ती बहादुर खड्का ९८५७६२१७१६

स्ववियुमा छात्रा विद्यार्थीको नेतृत्व

■ नवविकल्प

स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को नेतृत्व चयनका लागि म्याग्दी स्थित दुई वटै क्याम्पसमा बुधबार भएको निर्वाचनबाट सभापतिमा छात्रा उमेद्वार बिजयी भएका छन् । दुवै क्याम्पसमा अनेरास्ववियुको प्यानल बिजयी भएको छ ।

म्याग्दी बहुमुखी क्याम्पसमा २०४ मत प्राप्त गर्दै सावित्री खत्री र मंगला शिक्षा क्याम्पसमा २३ मत प्राप्त गरी अनिषा भट्टराई सभापतीमा निर्वाचित हुनुभएको हो । खत्रीका प्रतिस्पर्धी नेविसंघका हरि कृष्ण आचार्यले १२१, अनेरास्ववियु क्रान्तिकारी (प्रचण्ड)का सुदिन पौडेलले ८७ र अखिल क्रान्तिकारी (विप्लप)का सम्राट सापकोटाले ४ मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको छ ।

४७७ जना मतदाता रहेको म्याग्दी क्याम्पसमा ४३५ जनाले मतदान गरेका थिए । यसैगरीमा सचिव, कोषाध्यक्ष र सदस्यहरूमा अनेरास्ववियुका उमेद्वारहरू क्रमश दर्पण रोका, दिनेश सुवेदी, भावना क्षेत्री, रश्मि रोका, मगर, सृजना घर्तीमगर, भावना क्षेत्री, सुष्मा खत्री, कर्णबहादुर मल्ल र स्वतीका नेपाली बिजयी भएका निर्वाचन अधिकृत रेखाकौशल रेग्मीले जानकारी दिनुभयो ।

समानुपातीकतर्फ अनेरास्ववियुले २३१, नेविसंघले १४३, अनेरास्ववियु क्रान्तिकारी (प्रचण्ड)ले ५० र अखिल क्रान्तिकारी (विप्लप)ले ८ मत प्राप्त गरेका छन् । यसैगरी मंगला शिक्षा क्याम्पसको स्ववियुको सचिव, कोषाध्यक्ष र सदस्यहरूमा क्रमश अनेरास्ववियुका प्रकाश खड्का, संगिता नेपाली, कृष्ण छन्त्याल, शोभा कडेल र बिमला किसान निर्वाचित भएका छन् ।

सभापती पदमा नेविसंघ र नयाँ शक्ति विद्यार्थी युनियनको संयुक्त प्यानलका रोशन अधिकारीले १४ र अनेरास्ववियु क्रान्तिकारीकी कुशुम पाण्डेले १३ मत प्राप्त गरेको मतदान अधिकृत गमबहादुर खत्रीले जानकारी दिनुभयो । समानुपातीकतर्फ अनेरास्ववियुले २५, नेविसंघ र नयाँ शक्ति विद्यार्थी युनियनको संयुक्त प्यानलले १५ र अनेरास्ववियु क्रान्तिकारीले ११ मत प्राप्त गरेका छन् । समानुपातीकबाट नेविसंघले म्याग्दी क्याम्पसमा २ र मंगलामा १ तथा क्रान्तिकारीले दुई वटै क्याम्पसमा एक/एक जना सदस्य प्रतिनिधित्व गराउने भएको छ ।

वि.स २०६६ सालमा स्थापना भएको मंगला शिक्षा क्याम्पसमा पहिलो पटक स्ववियु निर्वाचन भएको हो भने म्याग्दी क्याम्पसको स्ववियु सभापतिमा निर्वाचित हुने खत्री दोस्रो छात्रा हुन् । स्ववियु निर्वाचन जितेको खुसीयालीमा बिहीबार अनेरास्ववीयुले बेनीमा बिजय जुलुस निकालेको थियो ।

बाजागाजा सहीत अबिरजात्रा गरिएको थियो । एमालेका नेताहरूले स्ववियु चुनावको परिमाणबाट उत्साहीत भएको र आगामी स्थानीय तहको निर्वाचनमा समेत पहिलो हुने घोषणा गरेका छन् । सभापतीमा निर्वाचीत खत्री र भट्टराईले विद्यार्थीले गरेको विश्वास र दिएको जिम्मेवारी ईमान्दारीताका साथ पुरा गर्ने प्रतिवद्धता जनाउनुभयो ।

विद्यार्थीको हकहित संरक्षण, क्याम्पसको शैक्षिक सुधार र उतिर्णदर बढाउन केन्द्रित हुने नवनिर्वाचित सभापतिद्धयको प्रतिवद्धता थियो । आठ वर्षपछि भएको स्ववियु चुनावमा यस वर्ष उमेर हदबन्दी र समानुपातीक ब्यवस्था लागु भएको थियो । नेविसंघ र क्रान्तिकारीका उमेद्वारहरूले पनि मतदातालाई धन्यवाद र निर्वाचित उमेदवारलाई बधाई दिदै विद्यार्थीको हक हित र शैक्षिक सुधारका लागि थप क्रियाशिल हुने बताएका छन् ।

सेवाग्राहीलाई ....

त हामीलाई पनि मिलाइदिनु पर्‍यो नी भनेर जिविसका कर्मचारीले भन्छन् ।' नाम नछाप्ने सर्तमा एक सेवाग्राहीले गुनासो गर्नुभयो ।

गत मंसिरमा जिविसमा भेटिएका रानीपौवा रिसीनचौतारा सडक उपभोक्ता समितिका सचिव तोरणबहादुर केसीले योजना सकिएर अन्तिम किस्ता भुक्तानी लिने अवस्थामा पहिलो किस्ताको पेस्की लिन जिविसमा दसौं पटक धाउनुपरेको भन्दै योजना अधिकृतको कार्यकक्षमा आक्रोशित हुँदै गुनासो गरेका थिए ।

"उपभोक्ता समितिमा बसेर काम गर्न गाह्रो छ" उहाँले भन्नुभयो "काम गर्न भन्दा जिविसमा प्रक्रिया पुऱ्याउन र धाउन बढी समय लाग्छ ।" ढिलासुस्तीले जिविसले बजेट बिनियोजन गरेका सडक निर्माण, स्तरवृद्धी, खानेपानी, सिचाई, विद्युतीकरण, भवन, पहिरो तथा नदी कटान नियन्त्रण लगायतका योजनाको काम प्रभावित भएको छ । अदिभारा रुम सडक उपभोक्ता समितिका अध्यक्ष कृष्ण पुनले कृषि सडक अन्तरगतको बजेट निकासा नहुँदा काम अघि बढाउन नसकिएको बताउनुभयो । "तिन महिनामा सम्पन्न गर्ने गरी दुई महिना अघि सम्झौता गरेर काम पनि सक्यौं" उहाँले भन्नुभयो "जिविसमा भुक्तानी माग्न जाँदा बजेट फ्रुकुवा भएको छैन भनेर फर्काए ।"

चालु आर्थिक वर्षमा जिविसले विभिन्न शिर्षकमा करिब दश करोड रूपैयाँ बजेटका दुई सय योजना तथा कार्यक्रम सञ्चालन गरेको छ । दरबन्दी अनुसारका प्राविधिक जनशक्तिको अभाव, दातृ निकायले बजेट फ्रुकुवा नगर्नु, उपभोक्ता समितिले प्रक्रिया र नीतिगत ब्यवस्था पालनामा ध्यान नदिँदा समस्या भएपनि समाधानका लागि पहल गरेको जनाएको छ ।

योजना अनुगमन तथा प्रशासकीय अधिकृत बिष्णुप्रसाद पौडेलले कृषि सडक शिर्षकको बजेटका योजनामा दातृ निकायले अख्तियारी दिएपनि बजेट फुकुवा नगर्दा उपभोक्तालाई भुक्तानी दिन नसकिएको बताउनुभयो । निर्वाचन क्षेत्र पुर्वाधारको कार्यक्रम प्राबिधिक अभाव र सांसद विकास कोषको कार्यक्रममा सांसदले तोकिएको भन्दा बढी योजना पेश गरेकाले समस्या भएको उहाँले बताउनुभयो ।

निर्वाचन क्षेत्र पुर्वाधारको तिन करोड बजेटका योजना हेर्नेगरी दुई जना प्राविधिक करारमा नियुक्त गरेर खटाइएको तथा तोकीएको भन्दा बढी योजना पेश गरेका सांसदले संशोधन गरेकाले अब काम अघि बढाउन सहज हुने पौडेलको भनाई छ । पचास लाख रूपैयाँ बजेटका बिस वटा सम्म योजना तथा कार्यक्रम सिफारिस गर्नुपर्नेमा सांसद रेशमबहादुर बानियाँले २४ वटा पेश गर्नुभएको थियो ।

स्थानीय विकास अधिकारी प्रेमराज गिरीले उपभोक्ता समितिले प्राबिधिकहरूलाई भुगोल अनुसार कार्यक्षेत्र बिभाजन गरेर खटाइएकाले उनिहरूसंग समन्वय गरेर प्राबिधिक सेवा लिन उपभोक्तालाई आग्रह गर्नुभयो । प्राविधिक, लेखा र योजना शाखाबीच समन्वयको वातावरण बनाएकाले अब समस्या नहुने उहाँले दावी छ । आफू नभएको अवस्थामा सेवाग्राही फर्कन नपरोस भनेर योजना अधिकृतलाई अधिकार प्रत्यायोजन गरेको स्थानीय विकास अधिकारी गिरीले बताउनुभयो ।

उपभोक्ताले कर्मचारी र प्राबिधिकलाई दोष लगाएपनि समस्या उपभोक्ता समितिहरूमा समेत रहेको उहाँको भनाई छ । उपभोक्ता समिति, अनुगमन समिति गठन, जनसहभागिता जुटाउने र इस्टिमेट अनुसारको काम गर्न केही उपभोक्ता समितिमा समस्या देखिएको उहाँले बताउनुभयो । उपभोक्ताको सजिलोका लागि नेपालीमा लगत ईस्टिमेट तयार पार्न थालीएको उहाँले बताउनुभयो । योजना सम्झौता र अन्तिम किस्ता भुक्तानीका लागि पुरा गर्नुपर्ने प्रक्रिया तथा आवश्यक कागजातको बारेमा उपभोक्तालाई विवरणनै उपलब्ध गराइएको जिविसले जनाएको छ ।

"प्रक्रिया पुरा र आवश्यक कागजात जुटाएर आएका सेवाग्राही फर्कनु परेको छैन" स्थानीय विकास अधिकारी गिरीले भन्नुभयो "वैदेशिक अनुदानको बजेट फुकुवा भएपछि कृषि सडक योजनाको भुक्तानी गर्छौ, देशैभरी देखिएको यो समस्या हाम्रो कारणले नभएर दातृ निकायले गर्दा भएको हो ।" पेस्की लैजाने र सम्झौता अनुसारको काम गर्ने विकृती बढेपछि जिविसले पेस्कीलाई निरूत्साहित गरेको जनाएको छ । योजना सम्पन्न गरेपछि एकमुष्ठ भुक्तानी गर्ने ब्यवस्था मिलाउँदा बेरूजुको समस्या कम हुने जिविसको बुझाई छ ।

जिविस मार्फत सञ्चालन हुने विकास योजनाहरूलाई प्रभावकारी, दिगो, गुणस्तरीय र बजेट दुरूपयोग रोक्नका लागि राजनीतिक ईच्छाशक्ती, कर्मचारीको ब्यवस्थित परिचालन, उपभोक्तालाई जिम्मेवार बनाउन, कर्मचारीको ब्यवहार र शैलीमा सुधारसंगै अनुगमनमा ध्यान दिनुपर्ने सरोकारवालाले बताएका छन् ।

विद्यालय .....

आठ लाख रूपैयाँका दरले अनुदान दिने गरेको छ । मन्त्रालयले दिने अनुदानले सडक सुबिधा भएको र सुगम क्षेत्रमै मापदण्ड अनुसारको काम गर्न समस्या परेको छ ।

योजना सम्पन्न गर्न अनुदानको तुलनामा स्थानीय तहमा दोब्बर बढी आर्थिक स्रोत जुटाउनुपर्ने देखिन्छ । शिख मावि, तातोपानीको सरस्वती मावि, बेनीको बालमन्दिर आधरभुत विद्यालय, भुरूङ तातोपानीको हिमालय प्राबी लगायत केही विद्यालयले समुदायबाट चन्दा र श्रमदान जुटाएर भवन तयार गरेका छन् ।

भवन निर्माणमा ढिलाई हुनुमा बजेट संगै शिक्षा कार्यालयमा प्राबिधिक जनशक्तिको अभाव समेत अर्को कारण देखिएको छ । चार जना प्राबिधिकको दरबन्दी भएको जिल्ला शिक्षा कार्यालय म्याग्दीमा हाल दुई जना मात्र कार्यरत छन् । विद्यालय पुर्वाधार योजनालाई गुणस्तरीय रूपमा समयमै सम्पन्न गर्न भुगोल अनुसारको मापदण्ड, बजेट र प्रबिधिको प्रयोग गर्ने ब्यवस्था गर्नुपर्ने सरोकारवालाको भनाई छ ।

हार्दिक बधाई

फागुन १८ गते सम्पन्न म्याग्दी बहुमुखी क्याम्पस बेनी र मंगला शिक्षा क्याम्पस बाबियाचौरमा अनेरास्ववियुको प्यानलबाट क्रमशः सावित्री खत्री र अनिषा भट्राईले भारी मतका साथ सभापतिमा, उपसभापतिमा इश्वर सुवेदी, सचिवमा दर्पण रोकामगर, कोषाध्यक्षमा दिनेश सुवेदी, सहसचिव मिलन खत्री र सदस्यहरुमा क्रमशः रश्मी रोकामगर,सिर्जना घर्तिमगर,भावना क्षेत्री, सुष्मा खत्री, कर्णवहादुर मल्ल, स्वस्तीका नेपाली, समानुपातिकमा सुष्मा पाइजा, राकेश शर्मा (नेविसंघ) दामोदर शर्मा (नेविसंघ) रेशम केसी (अखिल क्रान्तिकारी) र बाबियाचौरमा सचिवमा प्रकाश खड्का, कोषाध्यक्षमा संगीता नेपाली र सदस्यहरुमा कृष्णकुमारी छन्त्याल,शोभा कँडेल र विमला किसान निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

नवविकल्प साप्ताहिक परिवार

शान्ति सन्देश
स्थायी शान्तिका लागि आ–आफ्नो क्षेत्रबाट
सहकार्य र सद्भावको वृद्धि गरौं ।
शान्ति र समृद्धिका लागि
स्थानीय शान्ति समिति
म्याग्दी

सबै काम एउटै छानामुनी
कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।
प्रो. सुदर्शनकुमार श्रेष्ठ
दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स
गणेशटोल बेनी, म्याग्दी
फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६२३९९८
विजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था

प्रवन्ध निर्देशक - शंकर बराईली
मो. ९८५७६२४३३४
प्रो. जीवनकुमार विश्वकर्मा
मो. ९८५७६४००३४
"नारीको चाहना शुद्ध सुनमा मनमोहक गहना"
जीवन सुन चाँदी दुकान
बेनी नगरपालिका-७, न्यूरोड, बेनीबजार
(फोन ०६९-५२०१३४)
विगत लामो समयदेखि ग्राहक महानुभावज्यूहरुको माझमा विश्वासिलो एवम् भरपर्दो सेवा प्रदान गर्दै आइरहेको यस "जीवन सुनचाँदी दुकान"ले परम्परागत तथा अत्याधुनिक डिजाइनका शुद्ध सुनबाट बनेका तयारी गरगहनाहरु उपलब्ध गराउनुका साथै कम्प्युटर तौलका माध्यमबाट सुनचाँदी खरिद बिक्री समेत गर्दै आएको छ । भरपर्दो सेवाका लागि सदासर्वदा हामीलाई सम्झनुहोला ।

बोली

कृष्ण बानियाँ

म्याग्दी जिल्लामा बिगतदेखी नै जरो गाडेको घुसखोरी, दादागिरी र सिण्डिकेटको आगोमा पानीहाल्ने न कोही प्रशासक जिउँदो यो जिल्लामा आए न नगरिक समाज न आम जनता न राजनीतिक दल , यसले भोली पार्दै जाने प्रभाव कस्तो होला सुशासनको पाटोमा ?

बालकृष्ण सुवेदी

सबैखाले बैधानिक प्रायत्नको सुनुवाइ नभैसकेपछी गाउँपालिकाको केन्द्र माग गर्दै आन्दोलन गर्न बाध्य भैयो । आजको आन्दोलन शान्तिपूर्ण र प्रभावकारी रह्यो । राज्यले बेलैमा सुनुवाइ नगरे शान्तिपूर्ण नरहन पनि सक्छ ।

प्रकाश पौडेल

क्याम्पसको भवनमा आगो लगाउने, क्याम्पसको गेटमा रगतको खोला बगाउने सपना देख्नेहरू यो देशको भोलिको दुश्मनहरू हुन् ।

अनिता रिमाल अनु

हिजो जनयुद्धको नाममा हाइड्रोपावरमा बम पड्काउनेहरू आजकल प्रतिदिन ५ करोड ६६ लाखको बिजुली आयात गरेर विकासवादी बनेका छन्, तितो यथार्थ सुन्नमा आयो ।

डा. एलिया अर्याल

हिजो जनयुद्धको नाममा हाइड्रोपावरमा बम पड्काउनेहरू आजसरकारले राम्रो काम गरेरै ११ लाख बालबालिका शिक्षाबाट बन्चित भएका होलान बेरोजगारको भर्ति गराउने हाम्रो देशमा नेपाल मात्र होला सायद संसारमा !कल प्रतिदिन ५ करोड ६६ लाखको बिजुली आयात गरेर विकासवादी बनेका छन्, तितो यथार्थ सुन्नमा आयो ।

सुनिता सिंमखडा

यदि रबिन्द्र मिश्रको पार्टीले पनि काम गरेन भने म स्वदेश फर्केर "परदेशी" पार्टी खोल्छु र चुनाव चिन्ह पासपोर्ट राख्छु ।

गनी अनसारी

स्वास्थ्यकर्मीको आन्दोलनका कारण बालबालिका खोपबाट बन्चित भएको सुनेर लाग्यो गलत मानिसको प्रवेशले जतिसुकै सम्मानित पेशालाई बदनाम गराउन सक्छ ।

सुदिन पौडेल

हिजो आफैले हस्ताक्षर गरेर स्विकारेका र जनतालाई भ्रमित पार्ने नेताहरू आफै बिरुद्ध आन्दोलनमा उत्रेको देख्दा नि दया लागेर आउँछ । सन्दर्भः रहुगंगा गाउँपालिकाको केन्द्र विवाद ।

भरत रकाल

बिहार र म्याग्दीको राजनीति कुनै फरक छैन ।

कृष्णराज पौडेल

होली आउनु भन्दा पहिले नै हुने बिकृती कारण आज न्युरोड बेनीमा ठूलो दुर्घटना भयो ।



म्याग्दी जिप तथा बस संचालक समिति



म्याग्दी जिप तथा बस संचालक समिति

बेनीमा प्रथम धौलागिरी साँस्कृतिक महोत्सव हुँदै

■ नवविकल्प

सदरमुकाम बेनीमा प्रथम धौलागिरी साँस्कृतिक महोत्सव-२०७३ आयोजना हुने भएको छ । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिस्ठान धौलागिरी अञ्चल समितिको आयोजनामा आगामी चैत्र १० गतेदेखि २० गतेसम्म उक्त महोत्सव आयोजना हुन लागेको हो ।

प्रतिष्ठानले शुक्रवार बेनीमा पत्रकार सम्मेलन गरी लोकसंस्कृतिको संरक्षण गर्दै कलाकारीताको विकासका लागि महोत्सव आयोजना गरिएको जानकारी गराएको छ ।

कार्यक्रममा प्ष्ठिानका धौलागिरी अध्यक्ष राजेन्द्र सापकोटाले मोफसलमा पहिलो पटक आयोजना गर्न लागिएको साँस्कृतिक महोत्सवलाइ सफल बनाउन सबैपक्षबाट सक्दो सहयोगको अपेक्षा गरिएको बताउनुभयो ।

राष्ट्रिय स्तरका चर्चित कलाकारहरूको साँगेतिक प्रस्तुती रहने महोत्सवबाट भएको आम्दानीबाट कलाकारहरूको लागि कल्याणकारी कोष स्थापना गरिने जानकारी दिनुभयो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि प्रतिष्ठानका केन्द्रिय उपमहासचिब चोलेन्द्र पौडेलले दश दिनसम्म स्थानीय स्तरमा साँस्कृतिक महोत्सव आयोजना गर्नु सबल पक्ष भएको भन्दै यसलाई अबसर र चुनौतीको रूपमा लिएर सफल बनाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा जिल्ला स्थित क्रियाशिल राजनीतिक दलको तर्फबाट नेपाली काँग्रेसका गमान छन्त्याल, नेकपा एमालेका जिल्ला अध्यक्ष हरि कृष्ण श्रेष्ठ, नेपाल कम्युनिष्ट पार्टीका गमबहादुर श्रीस, राप्रपाका एगेन्द्रमान शेरचन, नेपाल पत्रकार महासंघ म्याग्दीका अध्यक्ष तारानाथ शर्मा लगायतले महोत्सवलाई ब्यवस्थित रूपमा सम्पन्न गर्नका लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउँदै पूर्वतयारीलाई तिब्रता दिन आग्रह गर्नुभएको थियो ।

बेनीमा प्रतिष्ठानको आयोजनमा पहिलो पटक हुन लागेको अञ्चल स्तरीय साँस्कृतिक महोत्सवमा खुला लोकगीत प्रतियोगिता, सालैजो नृत्य प्रतियोगिता, मौलिक झाँकी प्रदर्शन, भजन प्रतियोगिताको साथै राष्ट्रिय तथा स्थानीय चर्चित कलाकारहरूको साँस्कृतिक प्रस्तुतीहरू रहनेछन् ।


हाम्रो अभियान, लोक संस्कृतिको संरक्षण, स्रस्टाको सम्मान, नव प्रतिभाको प्रोत्साहन
प्रथम धौलागिरी साँस्कृतिक महोत्सव
आयोजक:
राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल
अञ्चल कार्य समिति, धौलागिरी
२०७३ चैत्र १० देखि २० गते सम्म
स्थान: खुल्ला मञ्च, वेनी वजार, म्याग्दी

प्रो. बुद्धि महत
(मो.नं. ९८४९८३३२३८)
प्रबन्ध निर्देशक : प्रमिला जिसी महत
(मो.नं. ९८४७७८११७१)

महत न्यू फेन्सी पसल

न्यूरोड, बेनीबजार, म्याग्दी

हाम्रा सेवाहरु

हामीकहाँ कोरियन, हङकङ, सिंगापुर, थाइल्याण्ड तथा स्वदेशी फेन्सी सामानहरु होलसेल तथा खुद्रा पाइनुका साथै क्याम्पस, बोर्डिङका ड्रेसहरु, खेलकुदका सामग्रीहरु सुपथ मूल्यमा पाइन्छ ।

प्रो. नारायणप्रसाद सेन्चुरी मो.नं. : ९८५७६४०२१४

बागलुङ देवी सुन चाँदी गहना पसल

बैंकरोडदेखि दुरसञ्चारचोक, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२००५६

हाम्रा सेवाहरु

यहाँ अर्डर अनुसार डिजाइनका सुन चाँदीका गरगहनाहरु पाउनुका साथै सुन चाँदी खरिद बिक्री गरिन्छ।

साथै राशि अनुसारको पत्थर पनि पाइन्छ।

सुन्दर नगरी बेनीबजारमा हजुरहरुको चाहनालाई मध्यनजर गर्दै नयाँ व्यवस्थापनका साथ हामी तपाईंहरुको साथमा

लामा भान्छाघर एण्ड रेष्टुरेन्ट

कोटभण्डारचोक, बेनीबजार, म्याग्दी

हाम्रा सेवाहरु

- खाना/फापरको ढिडो - नेवारी खाजा - चटामरी
- बारा - पिज्ज - नान - अन्य परिकारहरु

फ्रि वाइफाई, फ्रि होम डेलिभरी, पार्किङ सुविधा

प्रो राजन लामा, फोन : ०६९-५२१२००, मो.नं.: ९८४७६३३८९४

Our Services
Iphone Unlock, Jailbreak & repairing,
Nokia, Samsung, LG, Sony, Blackberry,
HTC, Flash, Unlock & Repair

प्रो. नरेश श्रेष्ठ
नरेश मोबाइल सेन्टर
हुलाकचोक, बेनीबजार, म्याग्दी
मोबाइल नं. ९८५७६२८०११, ९८४७६१९०११

प्रो. रिम कटुवाल क्षेत्री/हरि भण्डारी

रारा अटोमोबाईल्स

पर्वत बेनी, पक्की पुल नजिकै, हाइवे रोड
(फोन : ०६९-५२०९९, मोवाइल ९८५७६२१८६३, ९८०६१३०४९०)

हाम्रा सेवाहरु

विगत लामो समयदेखि कालीपुलबाट सेवा प्रवाह गर्दै आएको रारा अटोमोबाईल्स अब पक्की मोटरेवलपुलको नजिकै पर्वत बेनीको आफ्नै भवनबाट सेवा प्रवाह गरेको जानकारी गराउँदछौ । नयाँ मोडेलका महेन्द्र एण्ड महेन्द्र कम्पनिका सवै गाडी र ट्याक्टरहरुको अधिकृत विक्रेता । गाडी मर्मत गर्नुपरेमा साथै सर्भिसिङ गर्नुपरेमा हामीलाई सम्झनुहोस । टिभिएस ब्राण्डका बाइक र स्कुटीहरु बिक्री तथा मर्मत पनि गरिन्छ ।

प्रो. पल्टन शाह

गुप्ता फ्रेस हाउस

क्याम्पसचोक बेनी बजार, म्याग्दी
फोन-०६९-५२०६४४
मो.नं. ९८५७६२२२३७

हामीकहाँ कुखुरा एवम् खसीको ताजा मासु पाइनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

प्रो. मुकुन्द शर्मा
९८४७६४२९५६
प्रो. अमृतप्रसाद शर्मा
९८४७६५२०९०

विशाल हार्डवयर्स एण्ड जनरल सप्लायर्स

शिक्षामार्ग, बेनीबजार, म्याग्दी
फोन : ०६९-५२०८९७

हाम्रा सेवाहरु

छड, सिमेन्ट, जस्तापाता, प्लाइ, सनमाइका, रङ रोगन, काँटी, कब्जा लगायत घर निर्माण सम्बन्धी सम्पूर्ण सामानहरु सुपथ मूल्यमा बिक्री गरिन्छ। साथै नेपाटपको पाइप र ग्यारेन्टीवाला पानी टंकी पनि पाइन्छ।

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७

संगम ट्रेडर्स & संगम हार्डवयर

कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी
फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८

हाम्रा सेवाहरु

हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।

ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पूर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता

हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286